NEPAL ELECTRICITY AUTHORITY

DISTRIBUTION &CONSUMER SERVICES DIRECTORATE

GAUR DISTRIBUTION CENTER, RAUTHAT

SEALED QUOTATION : GDC 2074/075-03

FOR

LINE ERECTION WORK

BID PURCHASE DATE:	OFFICE WORKING HOUR UPTO 2074.12.13
BID SUBMISSION DATE	TILL 2074.12.14 TIME 12:00 NOON
BID OPENING DATE &TIME	2074.12.14 TIME 14:00 PM

upendra

नेपाल बिद्युत प्राधिकरण
गौर बितरण केन्द्र
सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति :–२०७४।११। २९ ।)

यस ने.बि.प्रा. गौर बितरण केन्द्र जिल्ला रौतहट अन्तर्गत बिभिन्न ठाउँहरुको एल.टि. लाईन निमार्ण कार्य सिलबन्दी दरभाउपत्रद्धारा गराउनु पर्ने भएकोले भ्याटमा दर्ता भएको, आयकर तिरेको, रजिष्टर्ड निर्माता फर्महरुबाट मात्र रितपुर्वकको सिलबन्दी दरभाउ पत्र आह्वान गरिन्छ ।

सर्तहरु :

१. सिलबन्दी दरभाउपत्रको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(औ) दिन भित्र इजाजत प्राप्त निर्माता ब्यावसायीहरुले यस कार्यालयको कार्यालय समय भित्र आय काउण्टरमा सिलबन्दी दरभाउ पत्रको लागी रु १,०००।– (पछि फिर्ता नहुने गरि) रकम जम्मा भौचर र आवश्यक कागजातको प्रतिलिपीहरु पेश गरेपछि उपरोक्त मिति र समय भित्र (उक्त दिन बिदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन) गौर बितरण केन्द्रबाट सिलबन्दी दर भाउपत्र खरिद गर्न सकिने छ ।

२. सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिनको भोली पल्ट दिनको १२:०० बजे वा उक्त दिन बिदा परेमा साही लगत्तै कार्यालय खुलेको दिन साही समय भित्र दाखिला गर्नु पर्ने छ । प्राप्त सिलबन्दी दरभाउपत्रहरु दाखिला गरिने अन्तिम दिनको १४:०० बजे सिलबन्दी दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधीको रोहवरमा (उपस्थित नभए पनि) गौर बितरण केन्द्रमा खोलिने छ ।

३. सिलबन्दी दरभाउपत्रसाथ तल उल्लेखित जमानत रकम रु ५०,०००।– (अक्षरेपी रु पचास हजार मात्र) धरौटी वापत रा.बा. बैक गौर नेपाल बिद्युत प्राधिकरण गौर बितरण केन्द्रको नाममा रहेको यस कार्यालयको खाता हि.नं. १२१०००३५३१०१ मा बुझाईएको सक्कल बैक भौचर वा सो बराबर रकमको नेपाल स्थित कुनै ब्यावसायिक बैंकबाट जारी गरेको पच्चहत्तर दिन बराबरको बैंक ग्यारेण्टी अथवा यस कार्यालयको नाममा खिचिएको बैक ड्राफट अनिवार्य रुपमा संलग्न हुनु पर्ने छ ।

४.सिलबन्दी दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र फारमको खाम बाहिर यस कार्यालयको नाम, सिलबन्दी दरभाउपत्र नं., ठेगाना प्रष्ट रुपमा उल्लेख गर्नू पर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत वा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

६. अन्य जानकारीको लागी नेपाल बिद्युत प्राधिकरण गौर बितरण केन्द्र, गौर कार्यालय समय भित्र फोन नं. ०५५– ५२०२६६ , ५२१५६६, ५२०३०० मा सम्पर्क राख्न सकिनेछ ।

सि.न	सिलबन्दी दरभाउपत्र नं.	कार्य बिवरण	बैकको नाम र खाता नं.	सिलबन्दी दरभाउ पत्र बुझाउने कार्यालयको नाम ठेगाना	लागत अनुमान रकम (.भ्याट सहित	जमानत रकम
१.	*GDC/074/075 - 03*	एल.टि. लाईन निर्माण कार्य	रा.बा. बैंक गौर हि.नं. १२१०००३ ५३१०१	ने.बि.प्रा. गौर बितरण केन्द्र रौतहट	१८,६२,१६६।९९	५०,०००।–

नेपाल बिद्युत प्राधिकरण
गौर बितरण केन्द्र

Upendra

नेपाल विद्युत प्राधिकरण
गौर वितरण केन्द्र

गौर

बिषय:- <u>लाईन निमाण सम्बन्धी प्रस्तावना /शर्त</u> ।

१.०. <u>निर्माणको शर्तहरु</u> :

१.१. नेपाल विद्युत प्राधिकरण गौर वितरण केन्द्र,बाट दरभाउ पत्र प्राप्त गर्न सकिनेछ ।

१.२. यस र यस पछिका प्रकरणमा धनी भन्नाले नेपाल विद्युत प्राधिकरण गौर वितरण केन्द्र लाई जनाउने छ ।

१.३. दरभाउ पत्र फाराम २०७४/१२/१४ गते दिनको १२.००(बाह्र) बजेसम्म वा उक्त दिन विदा परेमा कार्यालय खुलेको दिनको १२.०० बजे सम्ममा धनीको कार्यालयमा बुझाई सक्नु पर्नेछ ।

१.४. दरभाउ पत्र दाता वा निजको अधिकृत प्रतिनिधि समक्ष वोलपत्र फाराम दाखिला भएको अन्तिम दिनको २.०० बजे खोलिनेछ । दरभाउपत्र दाता वा अधिकृत प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्ने कार्य सम्पन्न गरिने छ ।

१.५. दरभाउ पत्र बुझाउने समय पछि प्राप्त दरभाउ पत्र वा सोको संशोधनलाई मान्यता दिइने छैन ।

१.६. दरभाउ पत्र शीलवन्दी खाम भित्र हुनु पर्दछ र दरभाउ पत्रको खाममा निम्न कुराहरु प्रष्ट लेखिएको हुनु पर्ने छ ।

(क) दरभाउ पत्रको विषय

(ख) धनीको नाम र ठेगाना

(ग) दरभाउ पत्र दाताको नाम र ठेगाना

(घ) सम्पर्क ठेगाना भए प्रष्टरुपमा घर नं.,स्थान र टेलिफोन नं.उल्लेख भएको ।

१.७. कुनै पनि कारणविना दरभाउपत्र पुर्ण वा आंशिक रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार धनीमा निहित रहने छ ।

१.८. आकाशवाणी, टेलेक्स, फ्याक्स वा हूलाक/कूरियर्सबाट प्राप्त दरभाउ पत्रलाई मान्यता दिईने छैन ।

१.९ साइट स्टोर भन्नाले गौर वितरण केन्द्रको स्टोर, गौर स्टोरलाई मानिनेछ ।

१.१० कार्यालय स्टोर भन्नाले गौर वितरण केन्द्र, गौर लाई मानिनेछ ।

१.११ लाईन निर्माण गर्दा क्रसआर्ममा छुटफूट भएको फेब्रिकेशनको काम ठेकेदारले स्वयं गर्नु पर्ने छ । सो वापत कुनै रकम भुक्तानी दिईने छैन ।

१.१२ सम्पुर्ण निर्माण सामग्री कार्यालय स्टोरवाट ढुवानी गर्नु पर्ने छ ।

१.१३ कार्य सम्पन्न भएपछि प्रयोग नभएका सामग्रीहरु अन्तिम विल भुक्तानी अगावै कार्यालय स्टोर गौर फिर्ता दाखिला गर्नू पर्ने छ ।

१.१४ लाईन निर्माणको लागि आवश्यक पर्ने सम्पुर्ण ज्यावल तथा औजारहरु ठेकेदारले स्वयं व्यवस्था गर्नुपर्नेछ ।

upendra

१.१५ लाईन चार्ज नगर्दासम्म लाईनमा जडान भएका लाइन मेटेरियलहरुको सम्पूर्ण जिम्मेवारी ठेकेदारको नै हुनेछ ।

१.१६ निर्माण कार्य ने.वि.प्रा.को टेक्नीकल नर्मस तथा साइट इन्चार्जको निर्देशन अनुसार गर्नु पर्ने छ ।

१.१७ कार्यको स्थानको हकमा विल अफ क्वान्टीटीमा उल्लेख भएको परिमाण अनुसार वा थपघट कार्य उक्त विल अफ क्वान्टीटीमा उल्लेख भए बाहेकका अन्य ठाउं पनि कार्य गराउन सकिनेछ ।

२.०. <u>दरभाउ पत्र दाताको योग्यता</u> :-

(क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र,

(ख) व्यवसाय दर्ताको प्रमाणपत्र,

(ग) मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र र स्थायी लेखा दर्ता (प्यान) प्रमाण पत्र,

(घ) दरभाउ सम्बन्धी कागजातमा तोकेको अवधि सम्मको कर चुक्ता प्रमाण पत्र वा कर विवरण पेश गरेको आन्तरिक राजस्व कार्यालयको प्रमाणित कागजात,

(ङ) दरभाउ दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा

आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा,

३.०. <u>दरभाउ पत्र को तयारी</u> :-

३.१. दरभाउ पत्र भर्नु वा जम्मा गर्नु अघि दरभाउ पत्र मा उल्लेखित शर्तहरु, स्पेशिफिकेशन, निर्माण गर्ने समय, कामको परिमाण, निर्देशन आदि सामग्री अध्ययन गरि मात्र दरभाउ पत्र जम्मा गर्नु हुन अनुरोध गरिन्छ र सो अध्ययन नगरी त्यसै जम्मा गरेमा त्यसबाट हुन सकिने परिणामको जिम्मा स्वत: दरभाउ पत्र दातामा सीमित रहने छ । दरभाउ पत्रमा उल्लेखित कुराहरु वा शब्दको अर्थ प्रष्ट नभएमा धनीको कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

३.२. दरभाउ पत्रमा उल्लेखित शर्त र निर्देशन अनुसार दरभाउ पत्र भर्नु पर्ने छ ।

४.०. <u>कार्यको परिमाण</u> :-

(४.१) गरिनु पर्ने कामको परिमाण, संलग्न कार्य परिमाण मुल्य(B.O.Q.) फाराम अनूसार हूनेछ । तर धनीले चाहेमा यस परिमाण लाई २५ (पच्चीस) प्रतिशतले घटी वा बढी पनि गर्न सकिनेछ । सम्झौता सम्पन्न भै कार्य शूरु भैसकेपछि पनि अन्य कुनै कारणवस उल्लेखित परिमाणमा २५ % भन्दा घटी काम गराउनु पर्ने अवस्था आएमा

Upendra

पनि धनिले गराउन सक्ने छ र यसमा दरभाउ पत्र दाताले कुनै किसिमको दावी विरोध गर्न पाउने छैन । परिमाण मुल्य फाराममा उल्लेख गरिएको कार्य परिमाणहरुलाई पुर्ण रुपमा वा आंशिक रुपमा दरभाउ पत्र स्वीकृत गर्ने अधिकार पनि धनीमा सुरक्षित रहने छ । कामको गुणस्तर यसै दरभाउ पत्रसाथ संलग्न स्पेशिफिकेशन अनुसार हुनु पर्ने छ ।

(४.२) लाईन विस्तारको स्थान अनुसारको परिमाण सम्झौता गर्ने समयमा उपलव्ध गराइने छ ।

५.०. मुल्य र रुपैयां :-

५.१. दरभाउ पत्र दाताले नेपाली मुद्रामा मूल्य उल्लेख गर्नु पर्ने छ र भुक्तानी पनि नेपाली मूद्रामा नै चेकबाट गरिनेछ, दरभाउ पत्र दाताले अनुरोध गरेमा ड्राफ्टद्वारा पनि भुक्तानी दिन सकिने छ । तर ड्राफ्ट बनाउंदा लाग्ने कमिशन ठेकेदारले व्यहोर्नु पर्ने छ ।

५.२. प्रत्येक आइटमको ईकाई मुल्य अंक र अक्षरमा प्रष्ट लेख्नु पर्ने छ । केही फरक पर्न गएमा अक्षरमा लेखेकोलाई मान्यता दिईने छ ।

६.०. करहरु :-

नेपाल विद्युत प्राधिकरणले दरभाउ पत्र दातालाई नियमानूसार कर तिर्न लगाउने छ र सो करहरु दरभाउ पत्र दाताले उल्लेख गरेको मोलमा नै समावेश भएको मानिने छ ।

७.०. बिडबण्ड :-

दरभाउ पत्र दाताले सुचनामा तोकिए बमोजिम रकमको सक्कलै भौचर वा बैंक ग्यारेन्टी नेपाल स्थित वाणिज्य बैंकहरुबाट यस शाखाको नाममा जारी गरेको ७५ दिन बराबरको बैंक जमानी पत्र दरभाउ पत्र साथ समावेश गरेको हुनु पर्ने छ ।

७.१. बैंक भौचर :-

सुचनामा तोकिए बमोजिम रकम रा.बा.बैंक,गौरमा रहेको नेपाल विद्युत प्राधिकरण गौर वितरण केन्द्रको धरौटी खाता नं.१२१०००३५३१०१ मा जम्मा गरि सो को सक्कल भौचर दरभाउपत्र साथ नत्थी गरेको हुनु पर्नेछ ।

७.२. बैंक जमानी पत्र (बैंक ग्यारेन्टी) :-

Upendra

सुचनामा तोकिए बमोजिम रकमको बैंक जमानी पत्रलाई पनि मान्यता दिईने छ । यो जमानी पत्र (विडवण्ड) धनीको नाउंमा जारी गरिनुको साथै के विषय वापतको हो भन्ने कूरा पनि प्रष्ट उल्लेख भएको हुनु पर्नेछ ।
नेपाल स्थित बाणिज्य बैंकहरुबाट जारी गरिएको विडवण्डलाई मात्र मान्यता दिईने छ । विडवण्डको म्याद कम्तीमा पनि ७५ (पचहत्तर) दिनको हुनु पर्नेछ । असफल दरभाउ पत्र दाताको विडवण्ड फिर्ता दिइनेछ । सफल दरभाउ पत्र दाताको विडवण्ड परफरमेन्स वण्ड जम्मा गरि ठेक्का सम्झौता भई सकेपछि मात्र फिर्ता दिइने छ । दरभाउ पत्र को निर्णय नभए सम्म दरभाउ पत्र दाताले पेश गरेको विडवण्ड धरौटी रोकी राख्ने छ ।

८.०. अभिप्राय पत्र (लेटर अफ इन्टेन्ड) :-

दरभाउ पत्र स्वीकृत भइसकेपछि सम्बन्धित दरभाउ पत्र दातालाई दरभाउ पत्र स्वीकृत भएको अभिप्राय पत्र (लेटर अफ इन्टेन्ड) दिईने छ । यस पत्रमा ठेक्का सम्झौता गर्नको लागि परफरमेन्स वण्ड सहित यति दिनभित्रमा आउनु होला भन्ने समेत उल्लेख गरिएको हुनेछ । उल्लेखित अवधि भित्र ठेक्का सम्झौता गर्न नआएमा बिडबण्ड जफत हुनेछ ।

९.०. सम्पादन वन्धन पत्र (परफरमेन्स वण्ड) :-

अभिप्राय पत्र प्राप्त गरेपछि ठेकेदारले लागत अनुमान भन्दा १५ प्रतिशत सम्म कम कबोल गरेमा कबूल रकमको ५(पाँच) प्रतिशत र १५ प्रतिशत भन्दा जति रकमले घटी कबूल गरेको छ सो को ५० प्रतिशतले हून आउने रकम कबूल रकमको ५(पाँच) प्रतिशतमा थप गरी परफरमेन्स वण्ड वापत बैंक भौचर वा बैंक ग्यारेन्टी लिई ठेक्का सम्झौता गर्न धनीको कार्यालयमा उपस्थित हुनु पर्नेछ । परफरमेन्स वण्ड नेपाल स्थित बैंकबाट धनीको पक्षमा जारी गरिनुको साथै सोमा दरभाउपत्रको विषय र दरभाउपत्र नं. सहित उल्लेख भएको हुनु पर्नेछ । यस बैंक जमानी पत्रको म्याद कम्तीमा पनि १८० दिनको हुनु पर्नेछ । ठेक्का सम्झौता भई सकेपछि मात्र विडवण्ड फिर्ता गरिनेछ ।

१०.०. दरभाउ पत्रको तूलना :-

दरभाउ पत्र स्वीकृत गर्दा सामान्यतया सबभन्दा कम मूल्य अंकित गर्ने दरभाउपत्र दाताको दरभाउपत्र स्वीकृत गरिने छ । दरभाउ पत्र मुल्यांकन हुंदा वा स्वीकृतिको लागि बिचार हुंदा दरभाउ पत्र दिने फर्म वा कम्पनीको अनुभव, वित्तीय क्षमता, ख्याति, विश्वसनियता, सकभर सरकारी कार्यालय वा अन्य सरकारी स्वामित्व भएको संगठित संस्थान वा गैर सरकारी संस्थानहरु संग गरेको ठेक्काको अनुभव सम्बन्धि व्यवहार भरपर्दो भएको नभएको, काम गर्ने समय अवधि आदि कुराहरुलाई पनि ख्याल राखिनेछ । दरभाउपत्रको तुलना गरिंदा साधारणतया धनीले उल्लेख गरेको स्पेशिफिकेशन र शर्तहरु मान्ने दरभाउ पत्रहरु माथि विचार गरिने छ ।

११.०. दरभाउ पत्र अस्वीकृती :-

Upendra

देहायको रीत नपुगेको बोलपत्र उपर कारबाई गरिने छैन :-

(क) सिलबन्दी भई नआएको ।

(ख) म्याद भित्र पेश हुन नआएको ।

(ग) दफा २ बमोजिम नभएको ।

(घ) आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र ।

(ङ) प्रत्येक दरभाउ पत्र मा छुट्टा छुट्टै बिडबन्ड समाबेश नभएको ।

(च) दरभाउपत्रमा कार्यालयको छाप तथा कार्यालय प्रमूख वा प्रतिनिधीको दस्तखत नभएको ।

(छ) दरभाउपत्र एउटाको नाउंमा खरीद गरिएको तर अर्काको नाउंबाट जम्मा गरिएको ।

(ज) विडवण्ड फलानो कामको लागि उपयुक्त हो भनी उल्लेख नगरिएको ।

(झ) दरभाउ पत्र फाराम प्रस्तावना शर्त साथै रहेको परिमाण मूल्य फाराममा (विल अफ क्वान्टीटी) मा दरभाउ पत्र दाताको सही र छाप नभएमा ।

(ञ) माग गरिएको शर्त वा रीतपूर्वक अनुसारको दरभाउ पत्र नभएको ।

(ट) दरभाउ पत्र अधूरो भएको ।

(ठ) खरीद भएको सक्कल दरभाउपत्र फाराम पेश नगरिएको ।

(ड) एउटै प्रतिनिधिबाट एउटा कामको लागि दूईवटा फर्मको दरभाउपत्र फाराम पेश गरेमा ।

१२.० <u>जानकारी माग गर्न सकिने</u>:-

(१) दरभाउको परीक्षण, मूल्यांकन, तुलना तथा बोलपत्रदाताको योग्यता मूल्यांकनको सिलसिलामा सो कार्यलाई सहयोग गर्न बोलपत्रमा उल्लेख भएको कवोल रकम र अन्य सारभूत कुरा परिवर्तन नहुने गरी सामान्य जानकारी एवं विवरण प्राधिकरणले उपयुक्त ठानेमा लिखित रुपमा माग गर्न सक्नेछ ।

(२) त्यस्तो जानकारी माग गर्दा दरभाउदाताले माग गरिए बमोजिमको जानकारी तोकिएको समयावधि भित्र नदिएमा वा दरभाउपत्रमा उल्लेख भएको कवोल रकम र अन्य सारभूत कुरामा परिवर्तन हुने गरी दरभाउपत्रदाताले जानकारी दिएमा निजको दरभाउ पत्र रद्द गरिनेछ ।

१३.० <u>भुक्तानी गर्ने तरिका</u> :-

निम्नानूसार भुक्तानी गरिनेछ :-

१३.१ काम समाप्त भई सकेपछि कार्यालयबाट उपलव्ध गराइएको मेजरमेन्ट सीट अनुसार फिल्डमा भएको कामको विवरण ठेकेदारबाट पेश भएमा रनिङ्ग विल वा एउटै विल (फाइनल) बाट नेपाली मूद्रामा चेकद्वारा भूक्तानी गरिनेछ ।

१३.२ अन्तिम विल भुक्तानीको लागि पेशगर्दा स्टोर क्लियरेन्स अनिवार्य रुपले ठेकेदारले गराउनु पर्नेछ ।

१३.३ रनिङ्ग विल एक भन्दा बढी हुने छैन ।

१३.४ प्रत्येक विलबाट ५ (पाँच) प्रतिशत कट्टा गरि सुरक्षण धरौटीको रुपमा राखिने छ । कार्यको संभार अवधि (Warranty Period) सन्तोषजनक रुपमा पूरा भएपछि र आन्तरिक राजश्व कार्यालयबाट उक्त आ.व.को कर चुक्ता प्रमाण पत्र लिई पेश

Upendra

गरेपछि परफरमेन्स वण्डको रकमका साथै सुरक्षण धरौटीको रकम फिर्ता दिन सकिने छ ।

१३.५ करको हकमा नेपाल सरकारको आयकर ऐन २०५८ अनुसार हुनेछ ।

१३.६ कहिले काहीं रकमको अभाव हुदा काम सम्पन्न भै सकेपछि पनि आंशिक रुपमा भूक्तानी गर्न सकिनेछ । कार्य तालिका अनुसारको काम नभएमा रनिङ्ग विल भुक्तानी नदिन सकिनेछ ।

१३.७ कार्य प्रगति तथा मेजरमेन्ट सीटको आधारमा सामान उपलव्ध गराइनेछ । कुनै कारणवस कार्यालयले सामान उपलव्ध गराउन नसकेको खण्डमा ठेकेदारले सो वापत क्षतिपुर्ति दावी गर्न पाउने छैन ।

१३.८ स्पेशिफिकेशन अनुसार नभएका कार्यको भुक्तानी दिइने छैन ।

१४.० <u>काम सम्पन्न गर्ने अवधी</u> :-

काम सम्पन्न गर्ने अवधि सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

१५.० संभार अवधी (Warranty Period):-

कार्य सम्पन्न भै ठेकेदारले कार्यालयलाई हस्तान्तरण गरेको मितिदेखि ६ महिनासम्म (१८० दिन)को संभार अवधी हुनेछ । उक्त अवधी भित्र ठेकेदारले निमार्ण गरेको लाइनमा कुनै कैफियत वा त्रूटी देखा परेमा कार्यालयले सुचना गरेको ३ (तिन) दिन भित्र ठेकेदारले नै सोको सुधार गरी कार्यालयलाई जानकारी दिनु पर्नेछ । सो नगरी कार्यालयबाट मर्मत कार्य गर्दा लागेको सम्पूर्ण खर्च कार्यालयले ठेकेदारको परफरमेन्स बण्ड र सुरक्षण धरौटी बाट कट्टा गरि बाँकी रकम मात्र फिर्ता दिइनेछ ।

१६.० <u>ठेक्का पट्टा तोडन सकिने</u> :-

सम्झौता भएको मितिले ७ (सात) दिनभित्र काम शूरु नभएमा वा कार्य शूरु गरि बिचैमा छोडेमा वा कार्य तालिका अनूसार काम नगरेमा वा सम्झौता अनुसारको काम सम्पन्न गर्ने सम्बन्धी म्याद सकिएपछि जुनसुकै बेला विना सुचना ठेक्का रद्द गर्न सकिनेछ । यसरी ठेक्का सम्झौता तोडी सो ठेक्काको बाँकी वा सम्पूर्ण काम अन्य कुनै पनि माध्यमबाट पुरा गराइनेछ । त्यस्तो ठेकेदारको जमानत रकम जफत गरिनेछ ।

१७.० <u>म्याद थप</u> :-

कुनै किसिमको अप्रत्याशित दैवि प्रकोप वा ठेकेदारको कावु भन्दा बाहिरको घटना घट्न गई कार्य तालिका अनुसार काम सम्पन्न भने ठेक्काको म्याद बढाउन सकिनेछ । यस अवस्थामा ठेकेदारले म्याद सकिन १ (एक) हप्ता अगावै कारण खुलाई म्याद बढाउन लिखित आवेदन पेश गर्नु पर्नेछ । ठेकेदारको आफ्नै ब्यवस्थापनको कमजोरी र असावधानीले गर्दा ठेक्का अवधि भित्र ठेक्कापट्टा अनुसारको कार्य पुरा नभए म्याद थप गरे वापत आर्थिक

Upendra

जरिवाना असुल गरिनेछ ।

१८.० <u>जरिवाना</u> :-

ठेकेदारले समयमा काम नगरेमा निम्नानुसार गरिनेछ :-

१८.१ माथि दफा १६ मा उल्लेख भए अनूसार ठेक्का पट्टा तोडन सकिनेछ ।

१८.२ ठेकेदारको ढिलाईको कारणबाट ठेक्का सम्झौतामा म्यादभित्र ठेक्काको काम पुरा हुन नसकेमा सम्झौता रकमको ०.०५ प्रतिशत का दरले प्रति दिन जरिवाना लाग्नेछ । (सो जरिवाना ठेक्का कबोल रकमको १० प्रतिशत भन्दा बढी हूने छैन ।) वा जरिवाना लागेकै बखत जुनसुकै बेला ठेक्का रद्द गर्न सकिनेछ ।

१८.३ खण्ड (१८.२) बमोजिमको पूर्व निर्धारित क्षतिपूर्ति तिर्दैमा निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने दायित्वबाट मुक्त हुन सक्ने छैन ।

१९.० <u>परिमाणमा थपघट :—</u>

कार्य परिमाण फाराममा उल्लेखित परिमाणमा २५ प्रतिशत सम्म थपघट गर्न सकिनेछ ।

२०.० <u>ठेक्का पट्टा अनूसार कार्य नभएमा</u> :—

ठेक्का पट्टा अनुसार काम शूरु नगरेमा वा शूरु गरि बीचमा छाडेमा वा ठेक्का सम्झौता अनुसार काम नगरेमा ठेक्का पट्टा तोडन सकिनेछ । यसरी ठेक्का पट्टा तोडि ठेक्काको सम्पुर्ण अधुरो कार्य पुरा गर्न ठेक्का रकम भन्दा जे जति बढी खर्च पर्न सकिने हुन्छ त्यो बढी रकम र यसबाट प्राधिकरणलाई हुन सक्ने क्षतिपुर्ति समेत ठेकेदारबाट असुल उपर गराइने छ ।

२१.० <u>यो ठेक्का संगको कानूनी कुराहरु</u> :—

यो ठेक्का सम्झौतासंग सम्बन्धित कुराहरु नेपाल विद्यूत प्राधिकरणको आर्थिक प्रशासन विनियमावली २०६८संसोधन सहित अनूसार र सो मा उल्लेख नभएका कुराहरु नेपाल सरकारको खरिद ऐन र प्रचलित कानुन अनुसार हुनेछ ।

२२.० <u>सुचना पठाउने ठेगाना</u> :—

यो दरभाउ पत्रको विभिन्न ठाउंमा दरभाउ पत्र दाताको नाम,ठेगाना उल्लेख गर्नुहुन भनिएको छ । ठेगानाको साथ आफ्नो वा पायकको फोन नं. समेत उल्लेख गर्नु हुनेछ । सो स्थानमा उल्लेख गरिएको ठेगानालाई नै धनीले पत्राचारको ठेगाना मान्ने छ । छिटो छरितो चांडै पुग्ने अन्य कुनै ठेगाना भए पत्राचारको ठेगाना भनी कृपया बेग्लै उल्लेख गर्नु हुनेछ । यो ठेगानामा बुझाएको वा रजिष्ट्री डांकद्वारा समयमै पठाइएको पत्रहरु निज कहां समयमै पुगेको मानिनेछ ।

Upendra

२३.० हानी नोक्सानी :-

२३.१ कार्यालयबाट प्राप्त लाईन निर्माण सामग्री टुटफूट तथा हराएमा स्टोरको मूल्य बराबरको रकम ठेकेदारबाट असुल गरिनेछ ।
२३.२ लाईन निर्माण गराउंदा सूरक्षाका साधन प्रयोग गरी सरक्षित तवरले कार्य गर्नू पर्ने छ अन्य कुनै प्रकारको दूर्घटना/क्षति भएमा सोको सम्पुर्ण जिम्मेवार ठेकेदार नै हुनेछ ।

२४.० <u>ठेक्का सम्झौतामा परिवर्तन</u> :—

ठेक्का सम्झौतामा केही परिवर्तन गर्न आवश्यक भएमा दुबै पक्षको लिखित स्वीकृतीको आधारमा गरिनेछ ।

गोरखापत्र राष्ट्रिय दैनिकमा २०७४/११/२९ गतेमा प्रथम पटक प्रकाशित सुचना अनुसार लाईन निर्माणको दरभाउ पत्र सम्बन्धि माथि उल्लेखित सम्पूर्ण शर्तहरु अन्तर्गतका दफा – उपदफा मैले पढेर सो मा उल्लेखित शर्त अनुसार काम सम्पन्न गर्न मलाई मञ्जूर रहेको व्यहोरा अनुरोध गरिन्छ ।

छाप र हस्ताक्षर

Upendra

निर्माण इकाईको परिभाषा:

निर्माण इकाई नं. १ पोल जडान:

१.१ उद्देश्य: निमार्ण इकाई प्रत्येक ९ मीटर लम्बाइको सिमेण्ट पोल जडान कार्यको लागि हो ।
१.२ कार्य गतिबिधी : कार्यालय स्टोर वा साइट स्टोरबाट निमार्ण कार्य स्थलसम्म पोल ढूवानी गर्ने, पोल जडानको लागि खाल्डो खन्ने, पोल ठड्याउने, माटो पुर्ने, तथा पोलको फेदमा राम्रोसंग खाँद्ने, पोल सिधा बनाई ठड्याउने ।

निर्माण इकाई नं. २ LT लाइनको लागि तार तान्ने :

२.१ उद्देश्य: निमार्ण इकाई प्रत्येक पोलमा हार्ड वेयरको जडान सहित तारको रनिङ्ग किलो मिटरको हुनेछ ।
२.२ कार्य गतिबिधी: कार्यालय स्टोरबाट निमार्ण कार्य स्थलसम्म हार्ड वेयर तथा कण्डक्टर ढूवानी गर्ने, पोलमा हार्ड वेयर जडान गर्ने तथा कार्यालयले तोकेको मापदण्ड अनुसार तार तन्काई तान्ने र Sag मिलाउने, इन्सूलेटरमा राम्रोसंग वाइण्डिङ्ग गर्ने, डबल पोलमा जम्पर जोड्ने आदि ।
२.३ तारको आकार:
२.३.१ ५० बर्ग मिलि मिटर ACSR Conductor

निमार्ण इकाई नं. ३ स्टे जडान:

४.१ उद्देश्य: निमार्ण इकाई प्रत्येक स्टेसेट जडान गरि स्टे तारले उचित मात्रामा टेन्सन दिइ पोलसंग बाध्ने कार्यको हुनेछ ।
४.२ कार्य गतिबिधी: स्टेसेट तथा स्टे वायर कार्यालय स्टोरबाट निमार्ण कार्य स्थलसम्म ढूवानी गर्ने, खाल्डो खन्ने, स्टे प्लेट तथा स्टे रड जडान गर्ने, माटो पुर्ने, बलियोसंग माटो खाँद्ने, स्टे इन्सुलेटर तथा स्टे वायर जडान गर्ने , पोल र स्टे रडसंग उचितमात्रामा टेन्सन दिई बाध्ने ।

Upendra

NEPAL ELECTRICITY AUTHORITY

DISTRIBUTION & CONSUMER SERVICES DIRECTORATE
GAUR DISTRIBUTION CENTER

B.O.Q.
SQ-03

PROJECT : LT(400/230V) LINE ERECTION WORK **B.H. : RE- 4.316**
PLACE : VARIOUS PLACES OF DISTRICT **F/Y :2074/075**
DISTRICT : RAUTHAT

S. N.	DESCRIPTION OF WORK	UNIT	QTY.	RATE/UNIT IN FIGURE	RATE/UNIT IN WORDS	AMOUNT	REMARKS
1	Erection work of 9 mtr psc pole with compactness	nos	208.00				
2	Stringing wire size 0.05 sq. inch LT 2 wire properly with tension	km	10.52				
3	Stay set installation complete work	nos	107.00				
4	Transportation of pole from store to site	nos	208.00				
5	Transportation of hardware & cocnductor	lot	6.50				
6	Subtotal	Rs					
7	VAT@13%	Rs					
8	Grand total	Rs					

Name of firm

Name of contractor

upendra

Signature of contractor

seal

upendra